बारेकोट गाउँपालिका

तथा

नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ (NCCSP2)

बिचको

# समझदारी पत्र

1. यस समझदारी पत्रलाई प्राविधिक सहयोग प्रदायक संस्था मोट म्याकडोनाल्ड लिमिटेडको प्राविधिक सहयोगमा सञ्चालित नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ को कार्यान्वयनका लागि तयार गरेको कार्यान्वयन ढाँचा अन्तर्गत देहायका दस्तावेजहरुको संयोजनका रुपमा अध्ययन गर्नुपर्नेछ।
   - जलवायु मैत्री विकास (Climate Smart Development) कार्यक्रमका लागि सन् २०१७ मे २४ मा सम्पन्न "नेपाल सरकार र संयुक्त अधिराज्य अन्तर्गत बेलायत तथा उत्तरी आयरल्याण्डका तर्फबाट कार्य गर्नेगरी बेलायती अन्तराष्ट्रिय सहयोग नियोग (डिएफआइडि) बीच आर्थिक सहयोग र प्राविधिक सहायताका लागि समझदारी पत्र"।
   - संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको सान्दर्भिक नीतिगत व्यवस्थाहरु।
   - नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ को कार्यक्रम सञ्चालन कार्यविधि (२०७७) ले व्याख्या गरेका भूमिका, जिम्मेवारी र लागू हुने कार्यविधि (विस्तृतका लागि अनुसूची २)।
2. यस समझदारी पत्र तथा यसको अनुसूचीमा उल्लेखित प्राविधिक सहायता व्यवस्थापन र कोषको प्रयोग सम्बन्धी उद्देश्यका लागि समग्रतामा "यो व्यवस्थापन" भनिएकोछ।
3. जलवायु अनुकुलन तथा उत्थानशील कृयाकलाप तर्जुमा तथा कार्यान्वयन गर्न हस्ताक्षर गर्ने पक्षहरु स्थानीय अनुकूलन कार्ययोजनाको खाका २०७६ तथा राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ अन्तर्गतका नीतिगत निर्देशन पालना गर्न सहमत छौं। कोभिड १९को प्रकोपबाट पुर्नस्थापन गर्नका लागि पनि प्राविधिक सहायता प्रदायक संस्थासंगको सहमतिमा यस कार्यक्रम अन्तर्गत उचित कृयाकलापहरु संचालन गर्न सकिनेछ।
4. यस समझदारी पत्रले आर्थिक वर्ष २०७७/७८ (वा सन् २०२०/२१) लाई समेट्दछ। नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ बजेट तथा कोषमा आधारित आर्थिक सहायता हो। यद्यपि आर्थिक वर्ष २०७६/७७ (वा सन् २०१९/२०)मा शुरु भई सम्पन्न नभएका वा भुक्तानी नभएका परियोजनाका हकमा सोही आर्थिक वर्षको व्यवस्था अनुरुप अर्थात् सोझै भुक्तानी माध्यम अनुसार वित्त व्यवस्थापन सहयोगी मार्फत भुक्तानी हुनेछ।

काम, कर्तव्य र जिम्मेवारीहरु

5. कार्यान्वयन निकायका रुपमा गाउँपालिका :
   - जलवायु उत्थानशील विकासलाई नियमित बजेट तथा योजना तर्जुमा प्रक्रियाको अभिन्न अंग मानी जलवायु अनुकुलन तथा उत्थानशील योजनाहरु तर्जुमा गर्ने।
   - सशर्त अनुदान अन्तर्गत योजना तथा कार्यक्रम कार्यान्वयनका लागि कोषको उचित व्यवस्थापन गर्ने।
   - प्राविधिक सहायता प्रदायकको सहयोगमा प्रकृयागत आवश्यक कागजातहरु (जस्तै : विस्तृत परियोजना प्रतिवेदन, कार्यान्वयन तथा अनुगमन योजनाहरु, सम्झौता पत्रहरु, आदि) तयार गर्ने।
   - सम्भावित उपभोक्ता समितिहरु र निर्माण व्यवसायीहरुको प्राविधिक तथा वित्तीय लगनशीलता/इमान्दारिता लेखाजोखा गर्ने।

बारेकोट गाउँपालिका

Mott MacDonald Limited MOTT MACDONALD

- गाउँपालिकाको आफ्नो बजेटबाट लगानीका लागि आवश्यक रकम समपूरकको रुपमा उपलब्ध गराउने ।
- उपभोक्ता समिति, परामर्शदाता, र निर्माण व्यावसायीसंगको सम्झौता पत्र तयार गर्ने, लागु गर्ने ।
- परियोजना कार्यान्वयनका क्रममा हुने स्वास्थ्य तथा सुरक्षासम्बन्धी जोखिम न्यूनिकरण गर्न कार्यक्रम सञ्चालन कार्यविधि अनुरुप सुरक्षा सामाग्रीको प्रयोग, बीमा आदिको सुनिश्चितताको अनुगमन गर्ने ।
- जलवायु अनुकुलन तथा उत्थानशील योजनाहरुको प्रगति अनुगमन गर्ने तथा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ को प्राविधिक सहायता प्रदायक संस्थाले गुणस्तरीयता अनुमोदन गरे पश्चात मात्र भुक्तानी गर्ने ।
- परियोजनाको अभिलेख र लेखाको भौतिक तथा अभौतिक (डिजिटल) रुपमा व्यवस्थित गरी राख्ने र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ को वित्त व्यस्थापन सहयोगी, क्रेमोनिक्स इन्टरनेशनल तथा प्राविधिक सहयोग प्रदायकलाई सक्कल वा प्रतिलिपी, वा दुवैमा पहुँचको व्यवस्था गराउने ।
- सरकारी व्यवस्था अनुसार कार्यक्रमको मासिक तथा चौमासिक प्रगति विवरण (भौतिक तथा वित्तीय) तयार पारी समयसीमा भित्रै उपलब्ध गराउने ।

6. <u>नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ को प्राविधिक सहयोग प्रदायक (मोट म्याकडोनाल्ड लिमिटेड)</u> :

- कार्यक्रमको व्यवस्थापन र कार्यान्वयनमा सक्रिय भूमिका निभाउने ।
- गाउँपालिकालाई स्थानीय अनुकुलन कार्ययोजना (लापा), जलवायु परिवर्तन नीति र उत्थानशीलता प्रवर्द्धन आदीबारे जानकारी दिने तथा क्षमता अभिवृद्धि गर्ने ।
- जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशील आयोजनाहरुको योजना तर्जुमा, लागत अनुमान र डिजाइन, साथै कार्यप्रगतिमा आधारित भुक्तानीका आधारहरुको मार्गदर्शन गर्ने ।
- गाउँपालिका तथा सेवा प्रदायक/कार्यान्वयनकर्ता निकाय बीचको खरिद प्रक्रिया तथा सम्झौताहरुको गुणस्तर निरीक्षण गर्ने ।
- नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ सम्वन्धी सुपरीवेक्षण कार्यहरुको गुणस्तरीयता निरीक्षण गर्ने ।
- हासिल भएको कार्यप्रगति (गुणस्तर/सम्पन्नता) प्रमाणीकरणका आधारमा भुक्तानीका लागि अनुमोदन गर्ने ।
- परियोजना कार्यान्वयनका क्रममा हुने स्वास्थ्य तथा सुरक्षासम्वन्धी जोखिम न्यूनिकरण गर्न प्राविधिक सहयोग उपलब्ध गराउने ।
- कोष तथा लेखा नियन्त्रक कार्यालय वा मन्त्रालयलाई पठाउनु पर्ने भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन तयारी सम्बन्धी क्षमता अभिवृद्धि कार्य गर्ने ।
- आवश्यकता अनुसार गाउँपालिका एवं बन तथा वातावरण मन्त्रालयलाई नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ कार्यान्वयनका क्रममा आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने ।
- प्राविधिक प्रतिवेदन प्रस्तुति तथा ज्ञान व्यवस्थापन गर्न सहयोग गर्ने ।
- वित्तीय प्रतिवेदन एकिकृत गर्न तथा शोधभर्ना प्राप्तिका लागि मन्त्रालयलाई प्राविधिक सहायता उपलब्ध गराउने ।

वारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जाजरकोट, कर्णाली प्रदेश, नेपाल

नरेन्द्र बहादुर शाह
अध्यक्ष

Mott MacDonald Limited
MOTT MACDONALD
Registration no. 1762

7. नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ को वित्त व्यवस्थापन सहयोगी (केमोनिक्स इन्टरनेशनल) :
   - गाउँपालिकाको वित्त व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि कार्य गर्ने ।
   - गाउँपालिकालाई वित्त व्यवस्थापनसम्बन्धी आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने, जसअन्तर्गत कार्यक्रमसम्बन्धी प्रशासनिक तथा वित्तीय दस्तावेजको आवश्यकताअनुसार क्रमागत रुपमा निरीक्षण गरी गाउँपालिका तथा प्राविधिक सहायता प्रदायकलाई पृष्ठपोषण गर्ने ।

   त्यसै गरी आर्थिक वर्ष २०७६/७७मा शुरुवात भई सम्पन्न नभएका वा भुक्तानी नभएका परियोजनाहरुको आवश्यक दस्तावेज रुजू गरी बाँकी रकम भुक्तानी गर्ने जिम्मा वित्त व्यवस्थापन सहयोगीको हुनेछ ।-

8. कार्यकारी निकायका रुपमा वन तथा वातावरण मन्त्रालय
   - कार्यक्रमको समग्र व्यवस्थापन र सुशासनको प्रबन्ध मिलाउने,
   - गाउँपालिका तथा साझेदारहरु संग समन्वय र सहकार्य गर्ने,
   - क्षमता विकासका क्रियाकलापहरुमा सल्लाह दिने तथा सहभागी हुने,
   - उच्च स्तरीय अनुगमन तथा मूल्यांकन सम्वन्धी कार्यहरु गर्ने,
   - कार्यक्रमको योजना तथा वजेट तर्जुमाका लागि मार्गदर्शन प्रदान गर्ने,
   - अर्थ मन्त्रालय तथा वेलायती सहयोग नियोगसंग वित्त व्यवस्थापन सम्वन्धी आवश्यक समन्वय गर्ने,
   - प्राविधिक सहायता प्रदायकको सहयोगमा गाउँपालिकावाट भएगरेका खर्चसमेतको एकिकृत प्रतिवेदनलाई वेलायती अन्तराष्ट्रिय सहयोग नियोगलाई सम्प्रेषण गर्ने, शोधभर्ना प्राप्त गर्ने तथा अर्थ मन्त्रालय अन्तर्गत महालेखा नियन्त्रक कार्यलयलाई निकाशा फुकुवाका लागि अनुरोध गर्ने ।

## हिनामिना तथा भ्रष्टाचार निवारण

9. डिएफआइडिको पूर्ण वा आंशिक वित्तीय लगानी भएको परियोजनालाई सफलतापूर्वक कार्यान्वयन गर्नमा शंकास्पद वा बास्तविक हिनामिना वा भ्रष्टाचार वा कुनै वित्तीय अनियमितता वा अनुचित कार्य लगायत कुनै हस्तक्षेप वा भौतिक रुपमा धम्कीपूर्ण घटना भएमा गाउँपालिका र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ को प्राविधिक सहयोग प्रदायकले विना कुनै बिलम्ब तत्काले डिएफआइडिलाई जानकारी गराउने छन् ।
10. गाउँपालिका र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ को प्राविधिक सहयोग प्रदायकले रकमको दुरुपयोग हुन सक्ने हिनामिना तथा जालसाजीपूर्ण व्यवहारप्रति शून्य सहनशिलताको पद्धति अवलम्वन गर्ने तथा त्यस्तो रकम असुल गर्ने सिद्धान्तमा सहमत हुनेछन् । सर्वप्रथम गाउँपालिकाले हिनामिनाको विश्वस्त आरोपप्रति समयमै छानविनको उपयुक्त कारवाही अगाडी बढाउने छन् ।

## सामान्यतया समझदारीको समाप्ति

11. यदि यस व्यवस्थामा भएका प्रावधानहरु गाउँपालिकावाट वा साझेदार संस्थाहरुवाट पुरा नगरिएमा वा परियोजनामा बिकास सम्वन्धी मान्यतालाई विगार्ने खालका क्रियाकलाप भएमा, नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ को प्राविधिक सहयोग प्रदायकले गाउँपालिकासँग छलफल गर्नेछ र लेखाजोखा गर्नेछ । त्यसपश्चात डिएफआइडिले देहायका मध्ये कुनै कदम चाल्न सक्छ :

महेन्द्र बहादुर ... अध्यक्ष

Mott MacDonald Limited-Nepal
MOTT MACDONALD
Registration no. 176

- भविष्यमा चाल्न सक्ने कदम बारे संकेत गर्ने, र
- यसै व्यवस्थामा उल्लेखित समझदारी समाप्ति सम्बन्धी प्रावधान अन्तर्गत रकम निकासा रोक्ने ।

12. परियोजना अवधिभरिमा उठ्न सक्ने कुनै पनि सवाललाई दुवै सहभागी पक्षले सर्वप्रथम समाधानका लागि छलफल गर्नेछन् । तर, यसका व्यवस्थालाई चार हप्ताको लिखित सूचना दिई कुनै पनि समयमा कुनै पनि पक्षले समाप्त गर्न सक्छन् । समझदारीको समाप्ति भन्दा अगाडी दुवै पक्षको सहमतिमा असल नियतले चयन गरिएका परियोजनाको क्रियाकलाप सम्पन्न गर्न आवश्यक प्रतिवद्धता रकमबाहेक बाँकी रकम नेपाल सरकारको सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ ।

अतिरिक्त प्रावधानहरु

13. यस समझदारी पत्रलाई गाउँपालिका र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ को प्राविधिक सहयोग प्रदायक बीच हुने लिखित सम्झौताले मात्र परिमार्जन गर्न सक्नेछ ।
14. यस समझदारी पत्रमा रहेका कुनै प्रावधानमा संशोधन भएमा लिखित रुपमा र हस्तारक्षर गरेपछि मात्र लागू हुनेछ ।

गाउँपालिकाका तर्फबाट हस्ताक्षरकर्ता :
नाम : महेन्द्र बहादुर शाह
पद : अध्यक्ष
ठेगाना/सम्पर्क विवरण : बारेकोट गाउँपालिका, ९७५८००३०७८, ९८५११६७८०७
मिति :
हस्ताक्षर :

नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ को तर्फबाट हस्ताक्षरकर्ता :
नाम : मान बहादुर वि.के.
पद : उप टोली प्रमुख, NCCSP2, प्राविधिक सहयोग
ठेगाना/सम्पर्क विवरण : नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२, वन तथा भूसंरक्षण विभाग परिसर, महल, काठमाण्डौ ।
मिति :
हस्ताक्षर : 2066/8/32

अनुसूची १ आ.व. २०७७७८को कार्यक्रम बजेट तथा गाउँपालिकाको योगदान

बजेट रु हजारमा

| क.स. | प्रस्तावित क्रियाकलाप | NCCSP2 को योगदान | गाउँपालिकाको योगदान | कुल बजेट |
|---|---|---|---|---|
| कार्यक्रम : नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ | | | | |
| १ | **जलवायु अनुकूलन तथा उन्थानशील योजनाहरु** | | | |
| १.१ | नौमुल (लैखम साँघुतारा) सिंचाइ तथा कृषि आयोजना, बारेकोट ८ | ४,०००।०० | १,०००।०० | ५,०००।०० |
| १.२ | धौलाकोट खानेपानी आयोजना, बारेकोट १ | ४,५००।०० | १,०००।०० | ५,५००।०० |
| १.३ | काप्ती खानेपानी आयोजना, बारेकोट ९ | ३,१००।०० | ५००।०० | ३,६००।०० |
| १.४ | एकिकृत खानेपानी, सिप विकास तथा जिविकोपार्जन कार्यक्रम, बारेकोट ४, सार्कीटोल तथा तलगाँउ (दलित टोल) | ३,०००।०० | १,०००।०० | ४,०००।०० |
| १.५ | एकिकृत खानेपानी, सिप विकास तथा जिविकोपार्जन कार्यक्रम, बारेकोट ५, कालाखोली (दलित टोल) | २,३००।०० | ५,००।०० | २,८००।०० |
| १.६ | भैलोखाना खानेपानी निर्माण, बारेकोट ५, भैलोखाना (दलित टोल) | १,८००।५० | ३००।०० | २,१००।५० |
| २. | स्थानीय अनुकूलन कार्ययोजना (लापा) तयारी | १,०००।०० | ५,००।०० | १,५००।०० |
| ३ | जम्मा कार्यक्रम खर्च (१+२) | **१९,७००।५०** | **४,८००।००** | **२४,५००।५०** |
| ४ | सेवा करार कर्मचारी | | | |
| ४.१ | ओभरसियर (कर्मचारी तलब, भत्ता, संचार तथा अन्य खर्च ) | ४९९।५० | | ४९९।५० |
| ५ | अनुगमना तथा संचार खर्च सम्बन्धीत कार्यक्रमको सम्पर्क व्यक्तिको लागि | | १२५।०० | १२५।०० |
| ६ | जम्मा खर्च (३+४+५) | २०,२००।०० | ४,९२५।०० | २५,१२५।०० |

नोटः

- *कर्मचारी र अनुगमन खर्चका लागि बजेट व्यवस्था भएकाले कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कटाउन पाइने छैन ।*

**सहमतिकर्ताहरु :**

गाउँपालिकाको प्रतिनिधिको हस्ताक्षर

नेजपसका २ प्राविधिक सहयोग प्रदायकको प्रतिनिधिको हस्ताक्षर

नि. प्रमुख प्रशासकिय अधिकृत

नाम : गोविन्द वहादुर सिंह

पद : निमित्त प्र.प्र. अधिकृत

नाम :संदिप कुमार कायस्थ

पद : जलवायु संयोजक

बारेकोट गाउँपालिका गाउँपालिकाको कार्यालय सिम्ता, जाजरकोट कर्णाली प्रदेश, नेपाल